आज मिति २०६६ साल आश्विन ९ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री नारायण प्रसाद भट्ट ज्यूको अध्यक्षतामा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०६४ को दफा १६(व) बमोजिमको जिल्ला विपद व्यवस्थापन समितिको बैठक देहायका पदाधिकारीहरूको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

अध्यक्षता :- श्री नारायण प्रसाद भट्ट, प्र.जि.अ.

उप-मेयर श्री कृष्णा बस्नेत, भ.न.पा.

विशेष उपस्थिति :- उप-प्रमुख श्री सरिता कुवर जि.वि.स.

उपमेयर श्री सिता वास्तोला, च.न.पा.

श्री दिलिप प्रसाद न्यौपाने, स.प्र.जि.अ.

श्री सविन प्रधान, प्रहरी प्रमुख, भक्तपुर

श्री विष्णु कुमार महर्जन सगुन/गन सहायक/गण

श्री लोकित रोकामगर, सेनानी बीरदल गण

श्री राजनप्रसाद दाहाल का.प्र. पुर्दवाकण पत्र

श्री पुष्करराज बुढाथोकी अध्यक्ष, पत्रकार महासंघ,

श्री राजमान श्रेष्ठ, ने.वि.प्रा. भक्तपुर वितरण केन्द्र, इन्जिनियर —

श्री रोशनी डाक्टर ग्वारे, भक्तपुर अस्पताल

श्री अलका सावढी, जलस्रोत तथा सिंचाइ विकास डिभिजन

श्री वर्णसिंह खत्री सडक डिभिजन भक्तपुर

श्री सुशील कार्की नेपाली कांग्रेस

श्री शिवहरि रेग्मी राष्ट्रिय जनमोर्चा

श्री सोम शर्मा (बनगाउँ) जैसस महासंघ भक्तपुर

श्री कृष्ण बे. तिवारी एफ.एफ. भक्तपुर

श्री परशुराम पाण्डे नेपाल रेडक्रस,

श्री ईश्वर थापा सम्वाददाता रेडियो नेपाल

४

***निर्णय नं. १ :-***

यस जिल्लाको विपद् व्यवस्थापन गर्ने सम्बन्धमा जिल्ला रेडक्रस तथा सम्बद्ध सुरक्षा निकायहरुको सहयोगमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) अद्यावधिक गर्ने निर्णय गरियो ।

***निर्णय नं. २ :-***

गृह मन्त्रालयको च.नं.१०७ मिति २०७६।०६।०६ को पत्रानासार IDDR Day मनाउने सम्बन्धमा भएको पचाचार अनुसार यस जिल्लामा मिति २०७६।६।२६ गतेदेखि सप्ताहव्यापी रुपमा निम्नानुसार कार्यक्रमहरु आयोजना गरी मनाउने निर्णय गरियो।

- मिति २०७६।०६।२६ गते जि.स.स. र गैरसरकारी महासंघको नेतृत्वमा कार्ययोजनासहित सचेतना र्याली आयोजना गर्ने ।
- मिति २०७६।०६।२७ गते सुर्यविनायक नगरपालिकाको आयोजनामा नेपाली सेना र रेडक्रसले Simulation/Demo सञ्चालन गर्ने ।
- मिति २०७६।०६।२८ गते चाँगुनारायण नगरपालिका र रेडक्रसले क्षमता विकास तालिम तथा अन्तरक्रिया आयोजना गर्ने।
- मिति २०७६।०६।२९ गते प्रचारप्रसार अन्तर्गत सुर्यविनायक नगरपालिका र पत्रकार महासंघको सहकार्यमा प्रदर्शनी र रेडियो संवाद जिंगल तयार गर्ने ।
- मिति २०७६।०६।३० गते चाँगुनारायण नगरपालिकाले विपद जोखिम न्यूनीकरणमा स्थानीय सरकारको भूमिका सम्बन्धी बैठक तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।
- मिति २०७६।०७।०१ गते मध्यपुर थिमि नगरपालिकाले विपद जोखिम न्यूनीकरणमा स्थानीय सरकारको भूमिका सम्बन्धी बैठक तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।
- मिति २०७६।०७।०२ गते भक्तपुर नगरपालिकाले विपद जोखिम न्यूनीकरणमा स्थानीय सरकारको भूमिका सम्बन्धी बैठक तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।

***निर्णय नं. ३ :-***

निर्णय नं.२ अनुसारका कार्यक्रमहरु कार्यान्वयन गर्न तथा संयोजनकारी भूमिका निर्वाह गर्न प्र.उ.श्री सविन प्रधानको संयोजकत्वमा निम्नानुसार सदस्यहरु रहने गरी कार्यान्वयन उप-समिति गठन गर्ने निर्णय गरियो ।

कार्यान्वयन उप-समिति

१. प्र.उ. श्री सविन प्रधान - संयोजक
२. श्री नेपाली सेना - सदस्य
३. श्री सशस्त्र प्रहरी बल - सदस्य
४. श्री रेडक्रस सोसाइटी - सदस्य
५. प्र.अ. श्री गणेश प्रसाद पोखरेल, जि.प्र.का. - सदस्य-सचिव

*निर्णय नं.४ :-*

विपदको घटनामा परि पिडित भएका तपसिल बमोजिमका व्यक्तिहरुलाई *जिल्ला विपद् व्यवस्थापन कोष*बाट उपलब्ध गराइएको देहायको राहत रकम अनुमोदन गर्ने निर्णय गरियो ।

*तपसिल विवरण:*

| सि.नं. | पिडित व्यक्तिहरुको नामथर | ठेगाना | कुल क्षति रकम | उपलब्ध गराइएको राहत रकम | मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खिलु तामांग | चा.न.पा.वडा नं.४ खोरिया भक्तपुर | १८५०० | ५००० | २०७६।०४।०२ | अविरल बर्षाले क्षति |
| २ | गुणकेशरी श्रेष्ठ | म.थि.न.पा.वडा नं.४ भक्तपुर | १५८२०० | ५००० | २०७६।०४।२२ | आगलागी भई क्षति |

*निर्णय नं.५ :-*

विपदको व्यवस्थापन तथा जोखिम न्यूनीकरणको कार्यमा विभिन्न निकायहरुले आ-आफ्नो तर्फबाट निर्वाह गरेका भूमिकाको प्रशंसासहित समिक्षा गरियो ।

*निर्णय नं.६ :-*

विपदको व्यवस्थापन अन्तर्गत उद्धार तथा खोज कार्यमा प्रयोग हुने सामग्रीहरु के कस्तो हालत र परिमाणमा रहेका छन् सो सम्बन्धमा सम्बद्ध निकायहरुबाट विवरण माग गरी एकिकृत विवरण तयार गरी अद्यावधिक गर्ने निर्णय गरियो ।